आज मिति २०७८ जेठ ८ गते, शनिबार दिनको १:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ

**विषयहरु :**

१. अक्सिजन प्लान्ट खरीदबारे ।

**निर्णयहरु :-**

१. यस नगरपालिकाको मिति २०७८।२।३ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार भक्तपुर नगरपालिकाद्वारा संचालित ख्वप अस्पताल कोभिड युनिटको लागि आवश्यक अक्सिजन प्लान्ट खरिद गर्ने प्रक्रिया अगाडि बढाउन यस नगरपालिकाका निर्माण समितिका संयोजक श्री उकेश कवांको संयोजकत्वमा गठित वार्ता समितिलाई जिम्मा दिएकोमा उक्त समितिबाट कोभिड १९ रोगवाट संक्रमितभई अक्सिजन अभावको विशेष परिस्थितिमा ख्वप अस्पतालमा Bio-Medical Equipment अन्तरगत PSA Oxygen Generation Plant Machine खरिदको लागि Moon Rock International Pvt. Ltd., Global Trading, Aarogya Meditech समेत ४ कम्पनीहरुवाट पेश हुन आएको यसैसाथ संलगन प्रस्तावहरुमध्ये सवैभन्दा कम मूल्य Henan Songnan Commercial & Trading Co. Ltd -yaozhai Road Jinshui China को PSA Oxygen Generation Plant 30 Nm 3/h Model–QTO 93N-30 नेपाल सरकारले तोकिएको स्फेसिफिकेसन बमोजिम रहेको भनी Bio Medical प्राविधिकबाट सिफारिस अनुसार प्लान्टको मूल्य US$ ६१,७३४।- र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौसम्मको हवाई ढुवानी भाडा US$ ३०,२१९।- गरी जम्मा US$ ९१,९५३।- (एक्कानव्वे हजार नौ सय त्रिपन्न) (कर र जडान बाहेक) सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त प्रस्ताव स्वीकृति गर्न र चिनियास्थित उक्त कम्पनीको तर्फबाट अख्तियारी प्राप्त Global Trade International, Bhaktapur का प्रोपाइटर, भक्तपुर जिल्ला चांगुनारायण न.पा. वडा नं. ४ बस्ने श्री सुदिप खनाल र भक्तपुर नगरपालिकाबीच तपसिलका शर्तहरु उल्लेख गरी खरिद विक्री तथा आपूर्ति सम्बन्धी सम्झौता गर्न भ.न.पा. मा सिफारिस गर्ने निर्णय गरी उक्त निर्णय सहितपत्र प्राप्त भएकोमा उक्त विषयमा आजको कार्यपालिका बैठकमा पेश भई छलफल हुंदा उपर्युक्त व्यहोरा बमोजिमको अक्सिजन प्लान्ट नेपाल सरकारले जारी गरेको कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा २६ को उपदफा १, ४ र ७ बमोजिम खरिद गर्ने निर्णय गरियो ।

२. निर्णय नं. १ बमोजिम अक्सिजन प्लान्ट खरिद गर्दा निम्न बमोजिम शर्तहरुको व्यवस्था गरी Henan Songnan Commercial & Trading Co. Ltd को तर्फबाट अख्तियारी प्राप्त Global Trade International, Bhaktapur का प्रोपाइटर, भक्तपुर जिल्ला चांगुनारायण न.पा. वडा नं. ४ बस्ने श्री सुदिप खनालसँग भक्तपुर नगरपालिकाको तर्फबाट सम्झौता गर्न र यस सम्बनधी कार्यको सम्पर्क व्यक्ति (Focal Person) का रुपमा यस नगरपालिकाका प्रशासकीय अधिकृत श्री दामोदर सुवाललाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

मुख्य शर्तहरु

क. खरिद गर्ने उक्त सामानहरु चिनियास्थित Henan Songnan Commercial & Trading Co. Ltd को तर्फबाट अख्तियारी प्राप्त Global Trade International, Bhaktapur का प्रोपाइटर, भक्तपुर जिल्ला चांगुनारायण न.पा. वडा नं. ४ बस्ने श्री सुदिप खनाल मार्फत प्रस्तावमा उल्लेखित स्पेशिफिकेशन र गुणस्तर अनुसारको सामान आपूर्तिको जिम्मेवारी बहन गर्दै त्रिभुबन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाण्डौसम्म डेलिभरि गर्ने र त्रिभुबन अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौ आएपछिको सम्पूर्ण खर्च (ढुवानी, जडान खर्च तथा नियमानुसार लाग्ने कर) भक्तपुर नगरपालिकाले व्यहोर्ने ।

ख. Henan Songnan Commercial & Trading Co. Ltd लाई प्रस्तावमा उल्लेखित सामानहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौमा डेलिभरी गरेवापत (कर, कमिसन, सटही शुल्क बाहेक) जम्मा US$ ९१,९५३।- नेपाल बैंक लिमिटेड मार्फत भक्तपुर नगरपालिकाबाट कोभिड १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा २६ को उपदफा ४ बमोजिम विना जमानत अग्रिम पुरै भुक्तानी उपलव्ध गराउने र भुक्तानी भएको मितिले १५ दिनभित्र Henan Songnan Commercial & Trading Co. Ltd को तर्फबाट अख्तियारी प्राप्त Global Trade International, Bhaktapur का प्रोपाइटर, भक्तपुर जिल्ला चांगुनारायण न.पा. वडा नं. ४ बस्ने श्री सुदिप खनाले स्पेशीफिकेशन अनुसारको PSA Oxygen Generation Plant Machine त्रिभुबन अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौसम्म डेलिभरि गर्ने ।